प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७८

प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. "प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६" को नियम ३४ मा संशोधनः "प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६" (यस पछि मूल नियमावली भनिएको) को नियम ३४ को सट्टा देहायको नियम ३४ राखिएको छः-

"३४. आर्थिक वर्ष समाप्त हुनु अघि भुक्तानी निकासा बन्द गर्नु पर्नेः- (१) कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकम बाहेक भुक्तानी दिनु पर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि समाप्त भएपछि कार्यालयलाई कार्यक्रम संशोधन भई थप बजेट प्राप्त भएमा, खर्चको स्रोत परिवर्तन भएमा वा अति आवश्यक काम परी खर्च गर्नु परेमा त्यस्तो खर्च पुष्टयाई गर्ने बिल, भरपाई, बजेट थप भएको प्रमाण र अन्य कागजात सहित प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा पेश गरी भुक्तानी निकासा माग गर्न सकिनेछ । त्यसरी भुक्तानी निकासा माग भई आएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले प्राप्त बिल, भरपाई र सोसाथ संलग्न कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन आवश्यक देखेमा सम्वन्धित व्यक्ति वा फर्मको नाममा भुक्तानी निकासा दिनु पर्नेछ ।

तर प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले बिल, भरपाई र संलग्न अन्य कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन नमिल्ने देखेमा सो कुरा जनाई भुक्तानी आदेश सम्बन्धित कार्यालयमा फिर्ता पठाउनु पर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि हिसाव मिलान गर्ने तथा खर्च जेखी राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजनमा बाहेक आर्थिक वर्षको अन्तिम दिन भुक्तानी निकासा दिइने छैन ।

(४) प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयबाट असार मसान्तसम्म जारी भएको चेक वा विद्युतीय कोषको भुक्तानी कुनै कारणले पन्ध्र दिनभित्र नसाटिएमा वा भुक्तानी पाउनेको खातामा रकम जम्मा नभएंमा सम्बन्धित कार्यालयबाट निकासा र खर्च घटाई भुक्तानी आदेशसहित साउन एक्काईस गतेभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा निकासा र खर्च समायोजनको लागि पठाउनु पर्नेछ ।

सचिव

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

REDMI NOTE 9
AI QUAD CAMERA